आर्थिक वर्ष २०८३/८४ को

# बार्षिक नीति,कार्यक्रम तथा बजेट

## “समृद्ध मलंगवा, स्वच्छ मलंगवा, सुरक्षित मलंगवा

### कृषि,शिक्षा,स्वास्थ्य,सुशासन र पूर्वाधार विकास : समृद्ध नगरको आधार

**नगर प्रमुख श्री नागेन्द्र प्रसाद यादवले नगरपालिकाको १६ औं नगरसभामा प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम**

## मलंगवा नगरपालिका

२०८३ असार १० गते बुधवार

मलंगवा नगरपालिका,सर्लाही

मधेश प्रदेश, नेपाल
नगर कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०८३/८४ को

# नीति,कार्यक्रम तथा बजेट

## "समृद्ध मलंगवा, स्वच्छ मलंगवा, सुरक्षित मलंगवा

कृषि,शिक्षा,स्वास्थ्य,सुशासन र पूर्वाधार विकास : समृद्ध नगरको आधार"

## नगर प्रमुखको शुभकामना सन्देश

**"हाम्रो मलंगवा, प्यारो मलंगवा" नाराका साथ**

आदरयणीय मलंगवा नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत नगरसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विकास साझेदार, संचारकर्मी तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरु,

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार, जिम्मेवारी तथा जनअपेक्षालाई आत्मसात गर्दै मलंगवा नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्ति महसुस गरेको छु। साथै मलंगवा नगरपालिकाको नगरसभाको **१६ औ** अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम सङ्घीयता, लोकतन्त्र र सामाजिक न्यायका निम्ति भएको ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, जेन्जी आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु। साथै अधिकार प्राप्तिका लागि भएका सम्पूर्ण आन्दोलनका घाईते योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै सहिद तथा वेपता परिवारजनप्रति उच्च सम्मान एवं गहिरो सहानुभूति प्रकट गर्दछु।

यस नीति,कार्यक्रम तथा बजेट मार्फत नगरवासीको जीवनस्तर उकास्ने, रोजगारी सिर्जना गर्ने, कृषि उत्पादन वृद्धि गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्ने तथा दिगो पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ।
समृद्ध, सुरक्षित र समावेशी मलंगवा निर्माणका लागि सम्पूर्ण नगरवासीको साथ, सहयोग र सहभागितको अपेक्षा गर्दछु॥

स्थानीय आवश्यकता र जनचाहना अनुरुप लोकतान्त्रिक मूल्य मान्यातामा आधारित समाजवाद उन्मुख अीर्थक-सामाजिक रुपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास, सामाजिक न्यायसहित **नीतिमा इमान्दारिता, हाम्रो होइन राम्रो** भन्ने आकाङ्क्षा पूरा गर्न मलंगवा नगरपालिकाले २०८३/८४ को नीति तथा कार्यकममा निम्न विषयलाई जोड दिएको छ।

सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको चार वर्ष पुरा भएको छ। यस अवधिमा नगरको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ। यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुवाट भएको सहयोग, सहकार्य र समन्वयको लागि मलंगवा नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

चार वर्ष कार्यकालमा मलंगवा नगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ। मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्राति शीघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नविन, सिर्जनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमको शुरुवात गरिएको छ। नगर सभा, नगर कार्यपालिका र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ।

नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ। समितिको क्षेत्राधिकारभित्रका विषयमा व्यवस्थापकीय तथा कार्यकारी भूमिका समितिबाटै निर्वाह गर्ने अभ्यासलाई शुरुवात गरिएको छ। आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा परियोजनाको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र नगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी शासन प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौं।

मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो दृढ ईच्छा रहेको छ। कृषि र व्यापारमा आधारित मलंगवाको सम्भावनाको पहिलो खोजी छ। सुरक्षित बजारीकरण र सहरी सुव्यवस्था मलंगवाको लागि अर्को सुधार गर्नुपर्ने प्रमुख क्षेत्र हो। मलंगवाको फोहर व्यवस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि निरन्तर प्रयास गरिरहेका छौं। सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज बनाउन अनिवार्य छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु।

**अब म यस सम्मानित बैठकमा चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको प्रगतिको सार संक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

१. विद्यालयहरुमा कक्षा ५ र कक्षा ८ मा केन्द्र कायम गरि नगरस्तरीय परीक्षा संचालन भईरहेको छ। जसले गर्दा एस ई ई मा मलंगवा नगरपालिकाको नतिजा पहिला भन्दा धेरै सुधार भएको छ।

२. आर्थिक वर्ष २०८२/८३ मा पनि नगरपालिका र रेडियो नेपाल बर्दिबास बीच सम्झौता भई मासिक रुपमा हाम्रो मलंगवा प्यारो मलंगवा कार्यक्रम निरन्तर रुपमा हालसम्म प्रसारण भईरहेको छ।

३. विद्यालयहरुमा सिकाइको स्तर बृद्धि गर्न र विद्यार्थीहरुलाई नियमित बनाउन प्रत्येक विद्यालयलाई एउटा मोबाईल र विद्यालयलाई प्रविधिमैत्री बनाउन र शैक्षिक तथ्यांक व्यवस्थपन गर्न सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर र प्रिन्टर प्रदान गरिएको छ।

४. मुख्य बजारभित्र चुनौतिपूण रहेको सडक विस्तार कार्यलाई १५ मिटर चौडाइ कायम गरी नगरका अन्य स्थानमा सडक मापदण्डअनुसार सडक विस्तार गरी स्तरोन्नति गरिएको छ। अगामी आ.व.मा यसलाई निरन्तरता दिईनेछ।

५. नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ र ८ का विपन्न लक्षित छात्रवृति ७० जना विद्यार्थीहरुलाई प्रदान गरिएको छ र निरन्तरता दिईनेछ।

६. निरन्तर मूल्यांकन प्रकियालाई व्यवस्थित गर्न कक्षा १ देखि ३ सम्मलाई पार्टफोलियो वितरण गरिएको छ।

७. विकासका अधुरा काम पूरा गर्ने र सँगसँगै नयाँ योजनाहरु कार्यान्वियन भईरहेको छ।

८. विद्यालयको कक्षागत र विषयगत रुपमा ५ प्रतिशत स्तर बृद्धि गर्न लक्ष्य राखेर योजनाहरु निर्माण गरिएको छ। त्यसलाई प्रभावकारी रुपमा कार्यान्वियन गरि शिक्षामा सुधार ल्याईनेछ।

९. मलंगवा नगरपालिका क्षेत्रभित्रका विद्यलयहरुमा सुधारका कार्यहरुको शुरुवात गरिएको छ। जस अन्तर्गत विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान गरिएको छ।

१०. न्यायिक समितिमा आएका मुद्धाहरु निरन्तर रुपमा छलफल गरी समाधान गर्ने प्रयास गरिएको छ।

११. मलंगवा नगरपालिका वडा नं.१० मुरली पोखरीलाई सौन्दयीकरण गरिएको छ।

१२. बालमन्दिर चौकदेखि प्रादेशकि अस्पताल हुदै ओम पेट्रोल पम्पसम्मको नाला र सडक निर्माणको कार्य तीव्र गतिमा अगाडि बढेको छ।

१३. आर्थिक वर्ष २०८२/८३ मा सामुदायिक विद्यालयका भवनहरु निर्माण तथा मर्मत लगायतका पूर्वाधार विकासका कार्यहरु निरन्तर रुपले अगाढि बढको छ।

१४. विद्यालयहरुको शैक्षणिक योजना र बार्षिक कार्ययोजना सहितको २०८२ शैक्षिक कार्यपात्रो (क्यालेण्डर) निर्माण तथा प्रकाशन गरि लागु गरिएको छ। अगामी आ.व.मा निरन्तरता दिईनेछ।

१५. नेपाल सरकार तथा विभिन्न संस्थाहरुको सहकार्यमा मलंगवा नगरपालिकाको क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तार हटाई व्यवस्थित तगर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरि कार्यलाई अगाडि बढाइनेछ ।

१६. निजी क्षेत्रसँगको सहकार्यमा निजी शौचालयहरुलाई सार्वजनिक प्रयोजनमा पहुँच वृद्धिको लागि शुरुवात गरिएको छ ।

१७. नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी नगरपालिका उज्यालो कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

१८. नगरपालिकाको थुप्रै स्थानमा अनाधिकृत रुपमा अतिक्रमण गरी निर्मित भवन,टहरा संरचना हटाइएको छ र हटाउने क्रम निरन्तर जारी रहेको छ ।

१९. मलंगवा नगरपालिका अन्तर्गतका स्वीकृत कार्यक्रमको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

२०. नगरपालिका क्षेत्रभित्र आवासीय प्रयोजनका लागि निर्माण भएका भवन (अपार्टमेन्ट) प्रयोग गर्ने करदाताहरुवाट लिइने सम्पत्ती करमा पुनरावलोकन गरिएको छ ।

२१. मलंगवा नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०८२ जारी गरिएको छ ।

२२. नगरपालिका क्षेत्रभित्र सञ्चालित परियोजनाहरुको अनुगमनलाई प्रभावकारी वनाई विकास निर्माणलाई गुणस्तरीय वनाउने कार्यमा सुधार भएको छ ।

२३. मलंगवा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता तथा सिप विकास तालिम र अवलोकनलाई निरन्तरता दिईएको छ ।

२४. परिवार नियोजन, आँखा शिविर, रेविज खोप संचालन वडा नं.६ माक, लामखुट्टे नियन्त्रणको औषधी छर्कने कार्य संचालन गरिएको छ ।

२५. एच आई भी संकमितलाई पोषण सामग्री सहयोग गरिएको छ ।

२६. ज्येष्ठ नागरिकहरुलाई सम्मान तथा निजहरुको लागि कार्यालयको व्यवस्थापन गरिएको छ ।

**चालु आ.व.२०८२।८३ को नीतिको संक्षिप्त विश्लेषण**

चालु आर्थिक वर्षका लागि मलंगवा नगरपालिका नगर सभाको **चौधौं र पन्द्रहौं** नगरसभाबाट स्वीकृत भई कार्यान्वयन भएको नीतिले नगरवासी र आम जनमानसमा सुधारको अनुभूतिका साथै आशा र भरोसाको सञ्चार गरेको छ । नगर सभाबाट स्वीकृत हुने नीति तथा कार्यक्रमहरुले मलंगवाको भविष्यलाई सुनिश्चित गर्ने र अरु स्थानीय सरकारका लागि समेत अनुकरणीय बन्न सक्नुपर्ने हुन्छ ।

एक वर्षको अवधिमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धि सन्तोषजनक रहेको देखिन्छ । यद्यपी चालु आर्थिक वर्षको नीति विश्लेषण गर्दा शत प्रतिशत कार्यान्वयनमा आउन सकेको भन्ने देखिदैन । नीतिले निर्दिष्ट गरेका कतिपय कार्यक्रम कार्यान्वयनमा सार्वजनिक खरिद प्रक्रिया, योजना छनौट र प्राथमिकीरण, संस्थागत क्षमता आदि समेतका कारण अपेक्षाकृत नतिजा प्राप्त गर्न नसकिएको व्यहोरा सभासमक्ष प्रस्तुत गर्दछु । नगर सभाबाट पारित नीति तथा कार्यक्रमको शत प्रतिशत कार्यान्वयनका लागि संस्थागत क्षमतामा बृद्धि, आवश्यक संस्थागत संयन्त्र तथा कानुनी प्रबन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वियन, अनुगमन र मुल्याङ्कन पद्धतिको विकास गर्ने आवश्यक देखिएको छ ।

**नगरसभाका सदस्यज्यूहरु,**

अव म यस सम्मानित नगरसभाको वैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यकम प्रस्तुत गर्ने अनुमति चाहन्छु: मलंगवा नगरपालिकाको **दीर्घकालीन सोच**

"समृद्ध मलंगवा, स्वच्छ मलंगवा, सुरक्षित मलंगवा

कषि,शिक्षा,स्वास्थ्य,सुशासन र पूर्वाधार विकास : समृद्ध नगरको आधार"

**रहेको छ** । यसै सोचमा केन्द्रित भई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ । सफा, सुन्दर, धुलोरहित एवं व्यवस्थित सडक र पेटी, प्रविधिमैत्री, हराभरा, पर्यावरण तथा पर्यटनमैत्री मलंगवा निर्माण गर्ने यस नीति तथा कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कम्तिमा १०० नयाँ रोजगारीको सिर्जना गर्ने, नगरलाई व्यवसायमा आत्मनिर्भर वनाउन स्थानीय व्यवापारीलाई सुविधा सहितको नीतिको सुरूवात गर्ने, मलंगवालाई सांस्कृतिक तथा व्यवसायिक बजार बनाइ व्यपारीको संख्यामा उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

सुविधा सम्पन्न बालविकास कक्षा, आवश्यक भौतिक पुर्वाधार विकास, सीपमूलक शिक्षा, **हाम्रो विद्यालय हामी बनाउछौं,** विद्यालयको सुन्दरता तथा हराभरामा विद्यार्थीहरूको सहभागिताका साथै सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर कम्तिमा २५ प्रतिशतले वृद्धि गर्ने शैक्षिक लक्ष्य लिइएको छ। १२ वटै वडामा स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालनमा ल्याई नगरवासीको स्वास्थ्य सेवा पहुँच अभिबृद्धिमा रुपान्तरण गर्ने लक्ष्य लिईएका छ । नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुप्रतिको जनविश्वास र सेवाग्राहीको संख्या शतप्रतिशतले वृद्धि हुने लक्ष्य रहेको छ ।

नगरपालिका क्षेत्रभित्र रहेका सडकहरू पक्कि सडकमा रुपान्तरण भएका हुनेछन। सडकहरुलाई खाल्डाखुल्डी रहित बनाउने लक्ष्य लिईएको छ । सम्भव भएसम्म एक वडा एक पार्क निर्माण, वार्षिक रुपमा **कम्तिमा पाँच हजार** बृक्षारोपण गर्ने लक्ष्य लिइएको छ । प्रस्तुत नीतिहरु मलंगवा नगर र सम्पूर्ण नगरवासीहरुको हितका लागि उपयोग गरिने लक्ष्य रहेको छ ।

**नीतिहरू :**

१. न्यायमा आधारित शान्तिपूर्ण र समावेशी समाज निर्माणका लागि जीवित प्राणीको मात्र नभई सडक, हावा, पानी, माटो, मठ मन्दिर र सार्वजनिक जग्गा तथा सम्पदाको कानुनी अस्तित्व र अधिकारलाई उजागर गरी त्यस्ता जैविक विविधताको अधिकारलाई विशेष महत्वका साथ संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरि प्राकृतिक सन्तुलन कायम गर्ने नीति लिइनेछ ।

२. नगरवासीको जीवनयापनलाई गुणस्तरयुक्त बनाउन सिप विकास र रोजगारीका अवसरहरु सिर्जना गर्ने र समावेशीकरण, खानेपानी तथा सरसफाइको उपलब्धताको सुनिश्चितता गर्दै भरपर्दो, समावेशी र मर्यादित पेशा प्रवर्धन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

३. फोहरमैलाको दिगो व्यवस्थापन, प्रदूषण नियन्त्रण, खुला क्षेत्रको पहिचान तथा संरक्षण,डुवानको समाधान तथा हरियाली प्रवर्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

४. प्रविधिमैत्री प्रशासनका माध्यमबाट राजस्वको दायरा फराकिलो बनाइने छ ।

५. योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवं मुल्याङ्कनमा प्रविधिको अधिकतम प्रयोग गरी नतिजामुखी पूँजीगत खर्चमा वृद्धि गरिनेछ ।

६. विकासमा सबै सरोकारवालाहरूको संलग्नताको सुनिश्चितता, कार्यक्रममा दोहोरोपनाको अन्त्य, योजना कार्यान्वयनमा पारदर्शिता तथा लागत प्रतिफल विश्लेषण, स्थानीय सेवा प्रवाहका लागि सक्षम, पारदर्शी र उत्तरदायी संयन्त्र निर्माणका साथै सुशासन सहितको समृद्धिका लागि सरकारी, गैरसकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

७. नगरवासीको दैनिकीसँग जोडिएका समस्याहरू समाधान गर्न तथा नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह गर्न लागि आवश्यक योजनाहरु निर्माण गरि सञ्चालन गरिनेछ ।

८. स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनाहरूलाई प्राथमिकता प्राप्त योजनाका रूपमा कार्यान्वयन गरिनेछ ।

९. नगरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न फ्रेमवर्क र सूचकमा आधारित लक्ष्यहरु निर्धारण गरी स्थानीय टोलहरूलाई क्रमश: स्मार्ट टोलका रूपमा विकसित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

## वर्तमान अवस्थाको विश्लेषण

| क.सं. | सबल पक्ष | चुनौती |
|---|---|---|
| १ | उर्वर कृषि भूमि | बेरोजगारी |
| २ | सीमावर्ती व्यापारिक सम्भावना | कृषि आधुनिकीकरणको कमी |
| ३ | सक्रिय युवा जनशक्ति | शहरी फोहोर व्यवस्थापन |
| ४ | धार्मिक तथा सांस्कृतिक विविधता | बाढी तथा डुबान |
| ५ | यातायात पहुँच | गुणस्तरीय स्वास्थ्य सेवा अभाव |

| | | |
|---|---|---|
| | | राजश्वको सिमित स्रोत |

## १. शिक्षा क्षेत्र

### उद्देश्य

### "गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री शिक्षा प्रणालीको विकास ।"

### नीति तथा कार्यक्रम

१. सबैका लागि शिक्षा तथा समावेशी शिक्षा को सुनिश्चित गर्न अटिज्म, डाउन सिन्ड्रोम लगायत अपाङ्गगत भएका तथा जोखिममा रहेका बालबालिकाको लागि वैकल्पिक विद्यालय स्थापना, संचालन गरिनेछ ।

२. सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने क्षमताको विकास गर्न आधारभूत प्राविधिक ज्ञान र सिपका साथै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न मार्गचित्र सहितको नगर शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. सबै निजी तथा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

४. सामुदायिक विद्यालयहरूको सुन्दरता बढाउन विद्यार्थीहरूको सहभागितामा सम्पूर्ण विद्यालयहरूलाई सुन्दर, कलात्मक र हरियालीयुक्त बनाउनका लागि सुन्दर विद्यालय परियोजना सञ्चालनमा ल्याइनेछ । यसका लागि विद्यार्थीहरुको संलग्नतामा क्लव गठन गरी वृक्षा रोपन कार्यक्रम सञ्चालन गरिनेछ ।

५. विद्यालय शिक्षालाई अनुसन्धानमुलक बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।

६. अपाङ्गता भएका विद्यार्थीहरूलाई अनुकुल हुने गरी समावेसी शैक्षिक वातावरणको सिर्जना गरिनेछ ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नियमित स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्न एक विद्यालय एक नर्स र विद्यालयमा मनोसामाजिक परामर्शको लागि एक विद्यालय एक सामाजिक सहजकर्ता परिचालन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेवल मेशिन एवं विद्यार्थीहरुका लागि लकरको व्यवस्था गरिने छ ।

९. विद्यार्थीको सृजनशील सिकाई र सिप विकासका लागि विद्यालयमा सिप तथा सृजनात्मक शुक्रवार कार्यकम संचालन गरी पाठ्यक्रममा आधारित अतिरिक्त कियाकलापहरु समेत संचालन गरिनेछ ।

१०. विद्यालयको असल अभ्यास तथा अनुभव आदानप्रदान गर्ने विद्यालय-विद्यालय साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

११. नगरपालिका भित्र कार्यरत सबै तहका शिक्षकहरुको विषयगत र पेशागत क्षमता वृद्धि गर्न मागमा आधारित तालिम संचालन गरिनेछ ।

१२. नगरपालिकाद्धारा संचालित नगर स्तरीय कक्षा ५ र ८ का परीक्षामा उत्कृष्ट हुने विधार्थी र विद्यालयलाई सम्मानित र पुरस्कृत गरिनेछ ।

१३. प्रारम्भिक बालविकास सहजकर्तालाई क्षमता अभिवृद्धि तालिम संचालन गरिनुको साथै न्युनतम पारिश्रमिक उपलब्ध गराउन स्रोत र साधनको उचित व्यवस्थापन गरिनेछ ।

१४. विद्यार्थीको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउन नगरपालिका भित्रका सबै प्रकारका विद्यालयहरुबीच शैक्षिक मेला र प्रदर्शनीको आयोजना गरिनेछ ।

१५. मलंगवा नगरपालिकाको सबै प्रकारका विद्यालयको शैक्षिक अवस्थाको बारेमा बुझ्न शैक्षिक स्मारिका तयार गरिनेछ ।

१६. नगरपालिका भित्रका कम्तीमा २ वटा सामुदायिक विद्यालयलार्य स्मार्ट विद्यालयको रुपमा स्थापना गर्न स्मार्ट बोर्डको व्यवस्थापन गरिनेछ ।

## २. स्वास्थ्य तथा पोषण

### उद्देश्य

### "सर्बसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा ।"

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरिने र विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिने ।

२. मलंगवा नगरपालिकामा रहेका १० वटा स्वास्थ्य केन्द्रहरु मार्फत प्रदान गरिदै आएको सेवालाई थप प्रभावकारी बनाइने छ। स्वास्थ्य सचेतना बढाउन तथा बिरामीहरुको पहिचान र उपचारमा पहुँच वृद्धि गर्न वडा वडामा विभिन्न स्वास्थ्य शिविरहरु संचालन गरिनेछ।

३. नगरपालिका क्षेत्रभित्र एक निर्दिष्ट नगर अस्पताल स्थापना गरी सञ्चालनमा ल्याइनेछ। निजी तथा सामुदायिक अस्पतालसँगको सहकार्यमा सुलभ फार्मेसी सञ्चालनमा ल्याई नगरवासीलाई औषधि खरिदमा सहुलियत दिइने छ।

४. आउँदो आर्थिक वर्षमा आँखा शिविर, मुटु रोग शिविर, परिवार नियोजन शिविर, नाक कान र घाँटीको परीक्षण शिविर संचालन गरिनेछ।

५. मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

६. आरोग्य जीवनका लागि आयुर्वेद, वैकल्पिक चिकित्सा, योग, व्यायाम, प्रणायाम तथा ध्यान मार्फत शारीरिक, मानसिक, आत्मिक स्वस्थ जीवनशैली पद्धतिको प्रवर्धन गरिनेछ।

७. नगरपालिकाबाट आर्थिक, प्राविधिक तथा अस्पतालजन्य उपकरण वा सहायता उपलब्ध गराइएका अस्पतालहरुसँग समन्वय गरी स्थानीय विपन्न र सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने नगरवासीका लागि निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने प्रबन्ध गरिनेछ।

८. खोप कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

९. नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न संघ र प्रदेशसँग समन्वय गरि स्वास्थ्य विमा कार्यक्रम विस्तार गरिनेछ।

१०. महिला प्रजनन स्वास्थ्य रुग्णताको पहिचान गरि अति संक्रमित बिमारीको लागि उपचारको प्रवन्ध मिलाईनेछ।

११. क्यालोरीमा आधारित उपभोग प्रणाली लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. नगरपालिका क्षेत्र भित्र अशक्त, विपन्न र गर्भवती महिलाको लागि फ्री एम्बुलेन्स सेवाको व्यवस्था मिलाईनेछ।

१३. मातृशिशु तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ। सार्वजनिक स्थानमा Breast-feeding and Care Blocks सेवाको व्यवस्थपन गरिनेछ।

## ३. पूर्वाधार विकास

### उद्धेश्य

**दिगो तथा गुणस्तरीय पूर्वाधार निर्माण।**

**पूर्वाधार सम्बन्धी नीति तथा कार्यकम**

१४. मलंगवा नगरपालिका भित्रका सडक कालोपत्रे तथा ढल व्यवस्थापन गरिनेछ।

१५. सार्वजनिक, ऐलानी, पर्ती, गुठी तथा सरकारी जग्गाहरूको लगत अद्यावधिक गरी सोको संरक्षण, संवर्धन तथा उपयोग गरिनेछ। नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरू अतिक्रमण गरी बनाइएका अनधिकृत संरचना हटाई खुल्ला क्षेत्रको रुपमा विकास गरिनेछ।

१६. मलंगवा नगरपालिकाको विकास निर्माण कार्यहरुको स्थानीय जनताको सहभागितामा गुणस्तरीय र कम लागतमा निर्माण सम्पन्न गर्न उपभोक्ता समिति र अमानतबाट निर्माण गरिने नीति लिईनेछ।

१७. स्वच्छ खानेपानी तथा सफा सार्वजनिक शौचालयमा नागरिकको पहुँच वृद्धि गर्नका लागि सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराइने छ। बसस्टप रहेको स्थानहरुमा जग्गा उपलब्ध भएसम्म सार्वजनिक शौचालय, खानेपानी तथा फ्रि वाइफाई जडान गरिनेछ। सो कार्यको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१८. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१९. खानेपानीको पर्याप्त आपूर्तिका लागि सरकारी निकाय, निजी क्षेत्र र सेवा प्रदायकसँग सहकार्य गरिनेछ।

२०. नगरपालिकाका सम्पूर्ण सडकहरुलाई आगामी दुई वर्षभित्र गुणस्तरीय पक्की सडकमा रुपान्तरण गर्न र सडकपेटीको स्तरोन्नतिका लागि **धुलो रहित मलंगवा** योजना तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ।

२१. आधुनिक प्रविधि सहितको अपाङ्गतामैत्री,सामाजिक एवं भौतिक पूर्वाधारहरुको निर्माण गरी नगरबासीलाई दिगो पूर्वाधार विकासको अनुभूती गराइनेछ।

२२. नगर क्षेत्रभित्रका सडक, ढल, फुटपाथ, सडक वत्ति आदी जस्ता तत्काल मर्मत सम्भार गर्नुपर्ने कार्यलाई कार्यान्वयनमा ल्याइनेछ।

२३. नगरस्तरीय योजनाको साथै वडा वडामा विकास निर्माणका कार्यहरु अघि बढाउन वडास्तरबाटै सम्पन्न गर्न सकिने गरि विगत वर्षहरुमा झैं वडागत बजेटको व्यवस्था गरिनेछ ।

२४. नेपाल दूरसञ्चार प्राधिकरण (NTA) र इन्टरनेट सेवा प्रदायक संस्था (ISPAN) सँग सहकार्य गरी अव्यवस्थित रुपमा रहेका तारहरुको उचित व्यवस्थापन गरिने छ ।

२५. नगरपालिका क्षेत्रभित्रका सडक, रेलिङ, वाल, कार्यालय परिसर, पार्क, लगायतका क्षेत्रहरूमा निरन्तर रूपमा सरसफाई, रंगरोगन तथा चित्रकला, हरियाली प्रवर्धनको माध्यमबाट सुव्यवस्थित र सुन्दर बनाउनका लागि सुन्दर नगर योजना सञ्चालन गरिनेछ ।

२६. उज्यालो सहर, मेरो नगर योजनाको रुपमा सञ्चालन गरिनेछ । यसका लागि नगरका विभिन्न **१२ स्थानमा हाइ मास लाइट** जडान गरिनेछ ।

२७. मलंगवा नगरपालिकाको निर्माणाधीन प्रशासनिक भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

**संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी कार्यनीति**

२८. मलंगवा नगरपालिकालाई खुल्ला संग्रहालयको रुपमा विकास गर्ने तथा यसको पहिचानलाई जोगाई राख्न मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, संवधन तथा प्रर्वर्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. मलंगवा नगरपालिका क्षेत्रभित्र पर्ने राजदेवी मन्दिर, झिलमिलियामाई, बौधीमाई, मलगवाबा, जिलानिया मस्जिद लगायतका धार्मिक स्थल र मेलाहरुलाई थप व्यवस्थित र व्यापक प्रचार प्रसार गरि धार्मिक पर्यटन विकास गरिनेछ ।

३०. सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धन गर्ने कार्यलार्य पर्यटन विकाससँग जोडिनेछ ।

३१. नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ ।

३२. मलंगवा नगरपालिकामा राँष्ट्रिय चलचित्र, संगीत, कला, अन्य मनोरन्जनका कार्यक्रम, स्थानीय पेय पदार्थ, मौलिक र परम्परागत खानालाई Branding गरिनेछ ।

३३. सामुहिक रुपमा स्थानीय घर परिवारले प्रयोगमा ल्याइरहेको सागहरुको उचित व्यवस्थापन गरिने छ ।

## ४. वातारण तथा जलवायु परिवर्तन

**वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक**

३४. नगरको फोहर व्यवस्थापनमा रहेको लामो समयदेखिको अन्यौलतालाई अन्त्य गरी आगामी आर्थिक वर्षभित्र ठोस योजना सहितको दिगो समाधानको कार्य प्राथमिकताकासाथ कार्यान्वयन गरिनेछ ।

३५. प्लास्टिक जन्य फोहोर न्यूनिकरण गरिनेछ ।

३६. सवारी साधनहरूको प्रदूषण मापन गरी तोकिएको मापदण्ड भन्दा बढी प्रदूषण निष्काशन गर्ने सवारी साधनहरुलाई नगर क्षेत्रमा सञ्चालन गर्न रोक लगाउन सम्वन्धित निकायसँग सहकार्य गरिनेछ ।

३७. नगरपालिका क्षेत्रभित्रका नालाहरूको नियमित सरसफाई गर्न योजनाका रुपमा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक उपकरणहरू खरिद गरी संस्थागत क्षमता विकास गरिनेछ ।

३८. सरसफाई कार्यमा प्रयोग हुने आवश्यक सवारी साधन तथा उपकरणहरुको पर्याप्त व्यवस्था गरिनेछ ।

३९. सार्वजनिक स्थानहरुमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रयोग तथा बेचविखनलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

४०. जलवायु परिवर्तन अनुकुलन कार्यक्रम संचालन गरिनेछ ।

४१. नदी तथा जलस्रोत संरक्षण गर्न योजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

४२. हरित नगर बनाउन अभियान संचालन गरिनेछ ।

मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मलंगवा, सर्लाही मधेश प्रदेश स्थापित २०७३

## ६. सुशासन तथा संस्थागत विकास

**उद्धेश्य**

**"जनमैत्री, पारदर्शी र उत्तरदायी स्थानीय शासनको विकास ।"**

**सुशासन र संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम**

४३. सेवा प्रवाहलाई छिटो,सरल र प्रभावकारी बनाउन डिजिटल सुशासनलाई प्रभावकारी बनाईनेछ ।

४४. सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई नियमित र व्यवस्थित गर्न गुनासो व्यवस्थापनलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
४५. भ्रष्टाचार नियन्त्रण तथा पारदर्शिता प्रवर्धन गरिनेछ ।
४६. संविधानत: स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका अधिकारहरुको चलन गर्न विशेष पहल गरिनेछ ।
४७. मलंगवा नगरपालिकाको हालको संगठन संरचनालाई पुनरावलोकन गरी नगरपालिकाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाइनेछ । नगरपालिकाको निर्णय प्रकृयालाई पारदर्शी, सहज, सूचना प्रविधिमैत्री, सेवाग्राहीमैत्री, कुसल एवं प्रभावकारी बनाइनेछ ।
४८. सेवा केन्द्रका रूपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारवाहीलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी, भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।
४९. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि सेवाकालीन, पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक माध्यमबाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याइनेछ ।
५०. नगरपालिका क्षेत्रभित्रका युवा जनशक्तिलाई श्रम बैंकमा आवद्ध गराई सिप विकास तथा क्षमता विकास तालीम तथा रोजगारीका अवसरहरु उपलब्ध गराइनेछ ।
५१. बालविवाहलाई निरुत्साहित बनाउन चेतनामुलक, निषेधात्मक र दण्डात्मक नीति अबलम्बन गरिनेछ ।

## ७. राजश्व तथा वित्तीय व्यवस्थापन

### उद्देश्य

**"आन्तरिक राजस्व संकलन वृद्धि गर्ने।"**

**राजस्व तथा वित्तीय व्यवस्थापन सम्बन्धी कार्यनीति**

५२. आन्तरिक राजश्वलाई व्यवस्थित बनाईनुको साथै कर प्रशासनलाई व्यवस्थित बनाईनछ ।
५३. सार्वजनिक स्रोत तथा साधनको मितव्ययी, पारदर्शी र प्रभावकारी परिचालन गरिनेछ।
५४. कर तथा गैरकर राजस्व प्रणालीलाई सरल, पारदर्शी, प्रविधिमैत्री र करदातामैत्री बनाइनेछ।
५५. परिणाममुखी बजेट प्रणाली लागु गरिनेछ ।
५६. नगरभित्र रहेका व्यापार व्यवसायहरूको विस्तृत विवरण सहितको विवरण तयार गरि दर्ता नगराएका व्यवसायहरुलाई दर्ता गराई कारोबार संचालन गर्न नीति लिइनेछ ॥
५७. करको दरमा सामयिक पुनरावलोकन गरी तथा दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याइनेछ ।
५८. आन्तरिक राजस्वको दायरा विस्तार गरी पालिकाको आर्थिक आत्मनिर्भरता अभिवृद्धि गरिनेछ।
५९. आवश्यकता अनुसार अनुगमन तथा संकलन गर्नका लागि टोली गठन गरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै अग्रीम कर तिर्न सक्ने प्रवन्ध मिलाइनेछ ।

## ७. यातायात संचालन तथा व्यवस्थापन

### उद्धेश्य

**"सुरक्षित, सहज र गुणस्तरीय यातायात सेवा ।"**

**यातायात सम्बन्धी नीति तथा कार्यक्रम**

६०. सडक दुर्घटना न्यूनीकरण लागि ट्राफिक संकेत,जेब्रा क्रसिङ, स्पिड ब्रेकर तथा सडक बती व्यवस्थापन गरिनेछ ।
६१. नागरिकलाई सहज, सुरक्षित र भरपर्दो सार्वजनिक यातायात सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
६२. विद्यालय क्षेत्र बजार क्षेत्र तथा भीडभाड हुने स्थानमा विशेष सुरक्षा उपाय अपनाईनेछ ।
६३. ग्रामीण तथा दुर्गम बस्तीमा सार्वजनिक यातायात पहुँच विस्तारका लागि पहल गरिनेछ ।


मलंगवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मलंगवा, सर्लाही
मधेश प्रदेश
स्थापित २०७३

६४. वडा केन्द्र, स्वास्थय संस्था, विद्यालय तथा कृषि उत्पादन क्षेत्रलाई जोड्ने सडकलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।

६५. सडकमा आवश्यक पुल, कल्भर्ट तथा नाला निर्माण गरी वर्षायाममा आवागमन सहज बनाईनेछ ।

६६. नगरपालिका भित्रका मुख्य, सहायक तथा ग्रामीण सडकहरुको स्तरोन्नति, कालेपत्रे, ढलान तथा नियमित मर्मतसम्भार कार्यलाई प्राथमिकता दिईनेछ ।

६७. विद्युतीय सार्वजनिक यातायातलाई प्रवर्धन गर्ने र नगरपालिका भित्र रात्रीकालिन सार्वजनिक सवारी साधन सञ्चालन गर्न आवश्यक समन्वय एवम् प्रवन्ध गरिनेछ ।

६८. जेब्राकसिङको संकेत चिन्ह भएको स्थानबाट मात्र पैदल यात्रीले बाटो काट्न सहजीकरण गरिनेछ

६९. सडकमा वारपार गर्न सवारी साधनको भन्दा पैदल यात्रीको अग्राधिकार कायम गर्ने तथा ट्राफिक सचेतना कार्यक्रम संचालन गरी सुरक्षित सडक प्रयोग संस्कृतिको विकास गरिनेछ ।

## ८. कानुन तथा मानव अधिकार

### उद्धेश्य

**"सामाजिक विभेद,हिंसा तथा अन्याय न्यूनीकरण**
**नागरिकलाई सहज, सुलभ र प्रभावकारी न्याय सेवा प्रदान गर्ने ।"**

**कानुन तथा मानव अधिकार सम्बन्धी नीति तथा कार्यक्रम**

७०. संविधान, प्रचलित कानून तथा मानव अधिकारका मूल्य मान्यताको संरक्षण, प्रवर्द्धन र कार्यान्वयनलाई प्राथमिकता दिईनेछ ।

७१. न्यायमा सबै नागरिकको समान पहुँच सुनिश्त गरिनेछ ।

७२. महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गत भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको अधिकार संरक्षण गरिनेछ ।

७३. स्थानीय विवादको न्यायोचित समाधान गर्न तथा न्याय सम्पादनको काम कारवाहीलाई अझ प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समितिलाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

७४. महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी हक सुनिश्चित गर्न, लैङ्गिकताका आधारमा हुने हिंसा नियन्त्रण गर्न, महिलाको वहुपक्षिय अधिकार तथा मानव अधिकारका समग्र विषयमा प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न वडा महिला सञ्जाल वनाइनेछ ।

७५. मलंगवा नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक नयाँ कानुनको तर्जुमा, विद्यमान कानुनको पुनरावलोकन गरी संशोधन गरिनेछ ।

## ९. कृषि तथा पशुपंक्षी

### उद्धेश्य

**"कृषिलाई व्यावसायिक तथा उत्पादनमुखी बनाउने ।"**

**कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

७६. कृषि बजार व्यवस्थापनमा जोड दिई आधुनिक कृषि प्रविधिको विकास गरिनेछ ।

७७. कृषक समूह तथा सहकारी संस्थालाई प्रोत्साहन गरी स्थानीय स्तरमा उत्पाति दुध, मासु तथा अण्डा उत्पादन र विक्रि वितरणको उचित व्यवस्थापन गरिनेछ ।

७८. सिचाँई सुविधा विस्तार गरिनेछ ।

७९. नगरबासीलाई अर्गानिक तरकारी, फलफुल, माछामासु तथा अन्य खाद्यवस्तुको सहज उपलब्धताको प्रवन्ध गर्न अन्य स्थानीय तहहरुसँग सम्झौता गरी कृषकहरुलाई प्रोत्साहन हुने तथा कृषि उपजको विक्रि वितरण तथा भण्डारण गर्ने संस्थागत प्रणालीको विकास गरिनेछ ।



मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मलंगवा, सर्लाही मधेश प्रदेश स्थापित २०७३

८०. कृषि पेशाप्रति आकर्षण बढाउन खेतमा नै सामुहिक धान रोप्ने र सफल कृषक वा कृषक समूहलाई सम्मान गर्ने गरि प्रत्येक असार १५ गते धान दिवस मनाईने छ ।

८१. खाद्य पदार्थको गुणस्तर सुनिश्चितताका लागि नगर क्षेत्रभित्र आफ्नै कृषि, खाद्य र भेटेरिनरी परीक्षण प्रयोगशाला स्थापना गरी अनुगमन, निरीक्षण तथा परीक्षण कार्यलाइ प्रभावकारी बनाइनेछ ।

८२. मलंगवाको रैथाने बाली पहिचान, संरक्षण तथा विस्तार गरिनेछ । करेसाबारी खेतीलाई प्रवर्धन तथा प्रोत्साहित गरिनेछ । घरबाट निस्किने फोहरलाई मल बनाई अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

८३. पशुपालनलाई व्यवस्थित गर्न पशुपंक्षीजन्य व्यवसायको अभिलेखीकरण तथा नियमनगर्न पशुदर्ता प्रणाली कार्यान्वयनमा ल्याइनेछ । पशुपालनका लागि अनिवार्य अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

८४. सडकमा सँगुर छाडा छोड्ने प्रवृतिलाई निरुत्साहित गर्दै सुँगुर पालनलाई व्यवस्थित गर्न उपयुक्त व्यवस्था मिलाईनेछ ।

८५. मुख्य रुपमा कृषि र पशुपालन व्यवसायमा महिला तथा आर्थिक रुपले विपन्न परिवारालाई स्वरोजगार र उद्यमी बनाउने नीति लिईनेछ ।

# १०. सामाजिक विकास

## उद्धेश्य

## “सभ्य, सुरक्षित तथा समृद्ध समाज निर्माण गर्ने।”

**सामाजिक विकास सम्बन्धी कार्यनीति**

८६. गरिबको पहिचान गरी उनीहरुका लागि सिप विकास तथा आयमूलक तालिम कार्यक्रमको सञ्चालन मार्फत उत्पादनशिल रोजगारीको अवसर सिर्जना गरिनेछ ।

८७. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, संस्कृति, सामाजिक सुरक्षा तथा मानव विकासका सबै आयामलाई समेटेर समावेशी, न्यायपूर्ण र समृद्ध समाज निर्माण गरिनेछ।

८८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम तथा सीमान्तकृत समुदायको सशक्तीकरणलाई प्राथमिकता दिइनेछ।

८९. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, अनुभव, क्षमता र सिपलाई पुस्तान्तरण गरिनेछ । सक्रिय बुढ्यौलीलाई बढावा दिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९०. महिलाको श्रमलाई आर्थिक उपार्जनमलक कार्यमा लगाउन रैथाने परिकार तथा उत्पादनको छ मासिक वा बार्षिक मेला आयोजना गर्न समन्वय गरिनेछ । नगरपालिका क्षेत्रभित्रका उद्यमशिल महिलाहरुलाई सहुलियत व्याजदरमा ऋण प्रवाह गर्न सहजीकरण गरिनेछ ।

९१. नगर क्षेत्रभित्रका असहाय वालकालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. विपन्न, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग र अपागंता भएका नगरवासीहरुका लागि विशेष संरक्षणका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

९३. सामाजिक सद्भाव, सहिष्णुता तथा सामुदायिक एकतालाई प्रवर्द्धन गरिनेछ।

९४. लागु पदार्थ दुव्यसनीहरुका लागि सुधार गृह तथा पुनर्स्थापना केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

# ११. युवा तथा खेलकुद विकास

## उद्धेश्य

## “युवाको क्षमता,सीप र नेतृत्व विकास गर्नु ।”

**खेलकुद सम्बन्धी नीति तथा कार्यकम**

९५. परम्परागत तथा आधुनिक खेलकुदको विकास र प्रवर्धनका लागि सामुदायिक तथा निजी क्षेत्र समेतको सहकार्यमा खेलकुद प्रतियोगिता, व्यवसायिक खेलाडी तथा प्रशिक्षक उत्पादनका लागि प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।

९६. युवाहरूलाई राष्ट्र निर्माण, स्थानीय विकास, उद्यमशीलता तथा नेतृत्व विकासमा सक्रिय सहभागी बनाइनेछ।

९७. खेलकुद विकासको लागि विभिन्न पूर्वाधारहरू निर्माण, विद्यमान पूर्वाधारहरुको नियमित मर्मत र सम्भार गर्ने कार्यका लागि कम्तिमा एक टोल एक खेलकुद पूर्वाधार निर्माण गर्ने तथा सञ्चालनमा रहेका खेलमैदानको स्तरोन्नति तथा मर्मत सम्भार गरिनेछ ।

९८. खेलकुद क्षेत्रको विकासमार्फत स्वस्थ, अनुशासित, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक उत्पादन गरिनेछ।

९९. खेल प्रतिभाको पहिचान, संरक्षण तथा प्रोत्साहन गरिनेछ।

१००. युवामैत्री तथा खेलमैत्री स्थानीय शासन प्रणालीको विकास गरिनेछ।

१०१. खेलकुद क्लव तथा खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

## १२. सहकारी विकास

### उद्धेश्य

### "सहकारी मार्फत गरिवी न्यूनिकरण तथा रोजगारी प्रवर्द्धन गर्ने ।"

**सहकारी सम्बन्धी नीति तथा कार्यकम**

१०२. "समृद्ध सहकारी, आत्मनिर्भर समुदाय" भन्ने अवधारणालाई आत्मसात् गर्दै क्षेत्रको सुदृढिकरण गरिनेछ ।

१०३. सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता तथा वित्तिय अनुशासन कायम गरिनेछ ।

१०४. सहकारी संस्थालाई उत्पादन, रोजगारी सिर्जना तथा स्थानीय आर्थिक विकाससँग जोडिनेछ ।

१०५. सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरुलाई प्रवर्धन, नियमन तथा अनुगमन गर्ने कार्यलाई तिब्रता दिदै विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ ।

१०६. संस्थाका सदस्यहरुलाई लक्षित गरी सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. संकटग्रस्त सहकारी व्यवस्थापनका लागि संस्थागत संयन्त्र निर्माण गरी प्राथमिकताका साथ कार्य गरिनेछ ।

१०८. सहकारी दर्ता, नविकरण तथा मर्जर सम्बन्धमा मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।

## १३. विपद व्यवस्थापन तथा सुरक्षा

### उद्धेश्य

### "विपद्बाट हुन सक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्ने ।"

**विपद् व्यवस्थापन सम्बन्धी कार्यनीति**

१०९. विपद् जोखिम न्युनिकरण, जलवायु परिवर्तनको जोखिमबाट नागरिकलाई जोगाउन विभिन्न योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११०. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत तथा पुनर्स्थापनालाई प्राथमिकतामा राखी सुरक्षित, उत्थानशील तथा विपद् प्रतिरोधी पालिकाको निर्माण गरिनेछ।

१११. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

११२. नगरपालिकाको डुवान क्षेत्रहरू पहिचान गरी सो को समाधानका लागि डुवान समाधान कार्यक्रम अन्तर्गत ड्रेनेज योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११३. नागरिकको जीउधन, सार्वजनिक तथा निजी सम्पत्तिको संरक्षणका लागि प्रभावकारी सुरक्षा व्यवस्थापन गरिनेछ।

११४. स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरु मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्दार तथा आपतकालीन तालिम सञ्चालन तथा आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

## १४. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### उद्धेश्य

**"महिला तथा बालबालिकाको अधिकार संरक्षण र सशक्तीकरण गर्ने ।"**

- महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिने।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिइने।
- बाल अधिकार संरक्षण कार्यक्रम सञ्चालन गरिने।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दलित समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिने।
- महिला हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने।
- बाल विबाह मुक्त पालिका घोषणा गर्ने अभियान संचालन गर्ने ।

## १५. सहरी विकास

### उद्धेश्य

"गुणस्तरीय शहरी सेवा तथा पूर्वाधारको पहुँच विस्तार गर्ने।"

**सहरी विकास तथा भवन मापदण्ड सम्बन्धी कार्यनीति**

११५. मलंगवा नगरपालिकाको भूउपयोग योजना तयार गरी लागू गरिनेछ ।

११६. भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनालाई जोड दिइनेछ । मापदण्डको उल्लङ्घन हुने गरी फ्लोर एरिया रेसियोको सुविधाभन्दा बढी निर्माण भई अभिलेखीकरण भैसकेका र हुन बाँकी भवन संरचनाको हकमा सम्पत्ति करको दर बढी हुने गरी आर्थिक ऐनमा व्यवस्था गरिनेछ ।

११७. भवन निर्माण गर्दा सहरको सुव्यवस्था, सार्वजनिक आवागमनमा अवरोध नपुग्ने तरिका, आवश्यक र उपयुक्त उपकरणको प्रयोग, कामदारको सुरक्षा, प्रदुषण नियन्त्रण र वातावरणको संरक्षण आदि पक्षलाई आधार मानी भवन निर्माण गर्न आचार संहिता जारी गरिनेछ ।

११८. भवन निर्माण प्रमाणीकरणको कार्यलाई निरन्तरता दिन कानूनी प्रवन्ध गरिनेछ ।

## १५. सूचना तथा प्रविधि विकास

### उद्धेश्य

"स्थानीय तहका सेवाहरूलाई प्रविधिमैत्री, छिटोछरितो र पारदर्शी बनाउने।"

**सूचना तथा प्रविधि विकास सम्वन्धी नीति तथा कार्यक्रम**

११९. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत सुशासन, पारदर्शिता, सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

१२०. डिजिटल स्थानीय सरकारको अवधारणालाई कार्यान्वयन गर्दै नागरिकमैत्री विद्युतीय सेवा विस्तार गरिनेछ।

१२१. नगरपालिकामा रहेका अभिलेखलाई विद्युतीय प्रणालीबाट अभिलेखीकरण गरिनेछ ।

१२२. साइवर सुरक्षा, सूचना सुरक्षा तथा डिजिटल साक्षरतालाई प्राथमिकता दिइनेछ।

१२३. सूचना प्रविधिमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, व्यवसाय तथा प्रशासनिक सेवाको प्रवर्द्धन गरिनेछ।

१२४. नगरपालिकामा स्वच्छ पत्रकारिता र सूचना प्रवाहको वातावरण सिर्जना गर्न संचार क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ ।

## १६. लघु उद्यम विकास

### उद्धेश्य

"स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने।"

**लघु उद्यम विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१२५. स्थानीय स्रोत, साधन, सीप तथा प्रविधिमा आधारित लघु उद्यमको विकास र विस्तार गरिनेछ।

१२६. स्वरोजगार, उद्यमशीलता तथा आयआर्जनका अवसर सिर्जना गरी गरिबी न्यूनीकरणमा योगदान पुर्‍याइनेछ।

१२७. महिला, युवा, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायलाई उद्यमशीलतामा प्रोत्साहन गरिनेछ।

१२८. उत्पादनमूलक तथा बजारमुखी उद्यमलाई प्राथमिकता दिइनेछ।

## १७. बहुक्षेत्रीय पोषण कार्यक्रम

बहुक्षेत्रीय पोषण योजना तेश्रो तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा,किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा सामाजिक विकास क्षेत्रबिच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । पोषण सम्वन्धि कार्यक्रमका लागि आवश्यक वजेत सुनिश्चत गरी पोषणयुक्त, स्वास्थ्य र समृद्ध पालिका निमार्ण गरिनेछ ।

## १८. मधेश प्रदेश सरकारसँग समन्वय

मधेश प्रदेश सरकारसँग निम्न क्षेत्रमा साझेदारी गरिनेछ:

- कृषि आधुनिकीकरण
- प्रदेश गौरवका सडक आयोजना
- स्वास्थ्य पूर्वाधार
- विद्यालय भवन निर्माण
- सिंचाइ आयोजना
- बाढी नियन्त्रण
- पर्यटन प्रवर्द्धन
- युवा तथा रोजगार कार्यक्रम

## १९. आर्थिक वर्ष २०८३/८४ का प्रमुख वार्षिक लक्ष्य

| क्षेत्र | लक्ष्य |
|---|---|
| शिक्षा | ९०% ICT पहुँच |
| स्वास्थ्य | ९५% खोप |
| कृषि | १५% उत्पादन वृद्धि |
| सडक | २० कि.मि. स्तरोन्नति |
| खानेपानी | ९५% पहुँच |
| रोजगार | १०० युवा स्वरोजगार |
| वृक्षारोपण | ५,००० बिरुवा |

## २०. अपेक्षित उपलब्धि

- गुणस्तरीय सेवा प्रवाह
- कृषि उत्पादन वृद्धि
- रोजगारी सिर्जना
- शिक्षा सुधार
- स्वास्थ्य सेवामा पहुँच
- स्वच्छ तथा हरित नगर
- सुरक्षित र व्यवस्थित शहरी विकास

**अन्त्यमा,**

मलंगवा नगरपालिकाको आर्थिक वर्ष .२०८३/८४ को नीति तथा कार्यक्रम नगरवासीको समृद्धि, सुशासन, सामाजिक न्याय तथा दिगो विकासको आधारस्तम्भ बन्ने विश्वास लिईएको छ । यस कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी तथा विकास साझेदारको सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

मलंगवा नगरपालिकाको आन्तरिक आय संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र निशर्त अनुदान सहयोग समेतको आधारमा आ.व.२०८३/८४ को बजेट तयारी गरी विकास निर्माणको कामलाई अगाडि बढाईनेछ । प्रस्तुत नीति तथा कार्यक्रमलाई बजेट तर्जुमाका आधार मानि सोही अनुरुप बजेट विनियोजन गर्ने यथा सम्भव प्रयास गरिनेछ । समृद्ध मलंगवा नगर निर्माण गर्ने हाम्रो अभियानमा प्रस्तुत नीति तथा कार्यक्रमहरु महत्वपूर्ण मार्गदर्शक सिद्धान्तका रुपमा रहनेछन् भन्ने विश्वास लिएको छु ।

मलंगवा नगरपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूह, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सुरक्षाकर्मी, पत्रकार, अन्तर्राष्ट्रिय समुदाय, नगरवासी, वुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ! जय नेपाल ।

मलंगवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मलंगवा, सर्लाही
मधेश प्रदेश
स्थापित २०७३

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख
२०८३ असार १०, बुधवार

**नागेन्द्र प्रसाद यादव**
**नगर प्रमुख**

# आ.व. २०८३/०८४ को प्रस्तावित आय व्यय विवरण

## आय

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ को अर्थाथ आय | आ.व. २०८२/०८३ को प्रस्तावित आय | आ.व. २०८३/०८४ को प्रस्तावित आय | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघिय सरकार वित्तिय समानिकरण अनुदान | १३७९०००००.०० | १३१९०००००.०० | १३४९०००००.०० | |
| २ | आन्तरिक आय | २४००००००.०० | २६४०००००.०० | २६५०००००.०० | थप घट हुन सक्ने |
| ३ | संघिय सरकार राजश्व बांडफांड प्राप्त | ७९९२८०२१.७० | १०४३२१५६०.०० | १०८३०३०००.०० | थप घट हुन सक्ने |
| ४ | संघिय सरकार शर्शत अनुदान (चालू) | २११८९१०००.०० | २१३१०००००.०० | २२३३०००००.०० | |
| ५ | संघिय सरकार शर्शत अनुदान (पुंजीगत) | ३०४२००००.०० | १४२०००००.०० | ५६०००००.०० | |
| ६ | संघिय सरकार विशेष अनुदान | २५३५०८५.०० | | - | |
| ७ | संघिय सरकार समपूरक अनुदान | ०.०० | ७६०००००.०० | ३५०००००.०० | |
| ८ | प्रदेश सरकार शर्शत अनुदान | ९५०००००.०० | १२५०००००.०० | ६००००००.०० | |
| ९ | प्रदेश सरकार वित्तिय सामानिकरण अनुदान | १०१६६०००.०० | १२५०००००.०० | ९४१४०००.०० | |
| १० | प्रदेश सरकार विशेष अनुदान | ३००००००.०० | २००००००.०० | २००००००.०० | |
| ११ | प्रदेश सरकार समपूरक अनुदान | २००००००.०० | ३००००००.०० | | |
| १२ | प्रदेश सरकार राजश्व बांडफांड प्राप्त | ४८६९६९४.०० | ७२८५९४०.०० | ६४७२०००.०० | थप घट हुन |
| १३ | स्थानिय राजश्व बांडफांड प्राप्त (मालपोत) | ७८८५८५४.०० | १००००००००.०० | ११००००००.०० | थप घट हुन |
| १४ | सडक बोर्ड | ७५०००००.०० | ५५०००००.०० | ५००००००.०० | |
| १५ | गत वर्षको मौज्दात (फिर्ता तथा अन्य भूक्तानी | २०५५८२५०.०० | | | |
| | जम्मा | ५५२१५३९०४.७० | ५५०३०७५००.०० | ५४१९८९०००.०० | |

## व्यय

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ को अर्थाथ व्यय | आ.व. २०८२/०८३ को अनुमानित व्यय | आ.व. २०८३/०८४ को अनुमानित व्यय | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालू खर्च | ११६६८३५६९.७० | ११८००७५००.०० | १५२२७५०००.०० | |
| २ | पुंजीगत खर्च | २११४८६०००.०० | १०४७०००००.०० | १६०८१४०००.०० | |
| ३ | शर्सत अनुदान | २११८९१०००.०० | २१३१०००००.०० | २२८९०००००.०० | |
| | को.ले.नि.का. लाइ गत वर्षको रकम फिर्ता तथा अन्य भूक्तानी | २०५५८२५०.०० | | | |
| | जम्मा | ५६०६१८८१९.७० | ५३५८०७५००.०० | ५४१९८९०००.०० | |